# DAILY NEWSLETTER

As of JUNE 1, 2026

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT




आर्थिक वर्ष २०८३/८४ को बजेट सार्वजनिक भएपछि पुँजी बजारमा सकारात्मक माहोल बन्ने अपेक्षा गरिएको थियो। तर बजेटपछिको पहिलो कारोबार दिन नै नेप्से परिसूचक उल्लेखनीय गिरावटसहित बन्द भएपछि लगानीकर्ताको मनोबल अझै मजबुत हुन नसकेको देखिएको छ। सोमबार नेप्से परिसूचक २६.७२ अंकले घटेर २ हजार ७५५.७२ बिन्दुमा झरेको छ। बजेटअघि बजारमैत्री नीतिहरूको अपेक्षाले केही उत्साह देखिए पनि त्यसको प्रभाव कारोबारमा प्रत्यक्ष रूपमा देखिन सकेन।यस दिन ३४९ कम्पनीका १ करोड ३३ लाखभन्दा बढी कित्ता शेयर किनबेच हुँदा कुल कारोबार रकम ५ अर्ब ६१ करोड रुपैयाँमा सीमित रह्यो। कारोबार रकममा आएको कमीले लगानीकर्ताहरू अझै स्पष्ट संकेतको प्रतीक्षामा रहेको देखाउँछ।बजारको समग्र अवस्था पनि कमजोर रह्यो। केवल ३५ कम्पनीको शेयर मूल्य बढ्दा २३३ कम्पनीको मूल्य घट्यो। अधिकांश उपसमूह दबाबमा रहँदा बजारमा बिक्रीकर्ता हाबी भएको स्पष्ट देखियो।

## प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा ABOVE छ। |
| MACD | नेप्सेमा हाल MACD मा Buying (NEGATIVE) देखिएको छ। |
| RSI | RSI 48 पुगेको देखिन्छ। |

| | |
|---|---|
| Support | 2700 |
| Resistance | 2800 |

दैनिक चार्टमा बनेको रातो क्यान्डलले बजारमा बिक्री दबाब कायम रहेको संकेत दिएको छ। माथिल्लो क्षेत्रमा देखिएको प्रतिरोधका कारण बजारले उकालो यात्रा कायम राख्न नसकेको देखिन्छ।इचिमोकु विश्लेषणअनुसार नेप्से अझै क्लाउडको सीमाक्षेत्रमा रहेको छ, जसले बजारको प्रवृत्ति स्पष्ट रूपमा सकारात्मक भइनसकेको देखाउँछ। एमएसीडीले सुधारको प्रयास देखाए पनि बलियो तेजीको पुष्टि भने भएको छैन। आरएसआई तटस्थ क्षेत्रमा रहेको र एडीएक्स कमजोर स्तरमा झरेको अवस्थाले बजारमा स्पष्ट ट्रेन्डको अभाव रहेको संकेत गर्छ। साथै, स्मार्ट मनी कन्सेप्ट विश्लेषणले नेप्से संकुचित त्रिकोणभित्र रहेको देखाएको छ, जसले आगामी दिनमा ठूलो चाल आउन सक्ने सम्भावनालाई बलियो बनाएको छ।

हालका लागि २७९५ बिन्दु नजिकको प्रमुख प्रतिरोध क्षेत्र मानिएको छ भने २६७७ बिन्दु महत्वपूर्ण सपोर्टको रूपमा रहेको छ। बजारको आगामी दिशा बजेटका कार्यक्रमको कार्यान्वयन, पुँजीगत लाभकरसम्बन्धी स्पष्टता तथा आगामी मौद्रिक नीतिको संकेतमा निर्भर रहने देखिन्छ।